
# लेखापरीक्षण प्रतिवेदन

# मल्लरानी गाउँपालिका, प्युठान

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## मल्लरानी गाउँपालिका, प्युठान

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/532

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
मल्लरानीगाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

मल्लरानी, प्युठान।

**कैफियतसहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१.गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त सामाजिक सुरक्षा तथा संरक्षणको रु.७ करोड ३२ लाख, सामाजिक विकास कार्यक्रममा ३ लाख ४० हजार, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.३ करोड ७५ लाख ४२ हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.५ लाख १५ हजार समेत गरी रु.११ करोड १५ लाख ९९ हजार सुत्रमा लेखाङ्कन गरेको छैन।

२.पालिकाको रु.८९ करोड ८४ लाख ६४ हजारको लेखापरीक्षण गरिएकोमा रू.२ करोड ४ लाख २४ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.१४ लाख ८७ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुलउपर गर्नुपर्ने रु.३७ लाख २ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४ लाख ९६ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ४६ लाख ६९ हजार र पेश्की बाँकी रु.७० हजार रहेको छ।गत वर्षसम्म सम्परीक्षण पश्चात रु.६ करोड ७७ लाख ५० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू

रु.८ करोड ६६ लाख ८७ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३.गाउँपालिकाले स्थिर सम्पत्तिको खुलासा गरेको छैन । सम्पत्तिको विस्तृत विवरण खुलासा नगरेका कारण मूल्याङ्कन गर्न सक्ने अवस्था रहेन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने मल्लरानी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागूगर्ने जिम्मेवारी मल्लरानी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजीवा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ४० | ३७ | २,०४,२४,०६२ | ० | २४ | १४,८६,९८५ | ० | ४० | १३ | १,८९,३७,०७७ | ३७,०२,३७४ | १,४६,६८,९७७ | ४,९५,७२६ | ० | ० | १,५१,६४,७०३ | ७०,००० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| प्यूठान | ७९१३१००० | ० | १,१३,८०,०८९ | ६,७७,५०,९११ | | १,८९,३७,०७७ | ८,६६,८७,९८० |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | २९ | मूल्य अभिवृद्धि कर | ९१,०२४ |
| २ | २०८०/८१ | ३१ | पारिश्रमिक कर | ३२,३६० |
| ३ | २०८०/८१ | ३३ | विज्ञापन | २,६३२ |
| ४ | २०८०/८१ | ३८ | छात्रबृत्ति बढी निकासा | ७,००० |
| ५ | २०८०/८१ | ३९ | कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ५,००,००० |
| ६ | २०८०/८१ | ४१ | दिवाखाजा बढी निकासा | २२,४९५ |
| ७ | २०८०/८१ | ४३ | पाठयपुस्तक अनुदान बढी निकासा | ५,०१६ |
| ८ | २०८०/८१ | ४६.४ | उपभोक्ता समितिको काम | १,४३,७३५ |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०८०/८१ | ५०.२ | परामर्श सेवा खरिद | ६,८२,७२३ |
| १० | २०७९/८० | २१ | पेश्की | २४,५६,०५० |
| ११ | २०७९/८० | २४ | अतिरिक्त समयको भुक्तानी | १०,२१,६२४ |
| १२ | २०७९/८० | ११ | गत बर्षको भुक्तानी | २१,१८,३३६ |
| १३ | २०७९/८० | ३४ | उपभोक्ता समितिको कार्य | ५४,०६,२५९ |
| १४ | २०७९/८० | ३५ | स्वीकृत नभएको कार्यक्रममा खर्च | २,३२,००० |
| १५ | २०७९/८० | ३७.४ | आन्तरिक लेखापरीक्षण प्रतिबेदनको बेरुजु | १,४५,८२० |
| जम्मा | | | | १,२८,६७,०७४ |

# (८०५५५५०५३०० - मल्लरानी गाउँपालिका, प्युठान)

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ५ वडारहेको छ भने क्षेत्रफल ८०.०९ वर्ग किलोमिटर तथा १५६४६ जनसंख्या रहेको छ । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतितपत्र गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।२३ देखि २०८१।६।९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतितपत्र जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतितपत्रमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतितपत्र जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतितपत्रमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. ८९ करोड ८४ लाख ६४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छः

| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | |
|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | गतवर्षको |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | जम्मा |
| ११००० | कर | | ६,९९,०५,३४२.०२ | ० | ६,९९,०५,३४२.०२ | ६,९१,३३,७८२.४८ |
| १३००० | अनुदान | | २५,५९,७३,७६०.७० | ० | २५,५९,७३,७६०.७० | २९,०५,४५,५७४.४० |
| १४००० | अन्यराजस्व | | २९,१७,८५५.७१ | ० | २९,१७,८५५.७१ | २६,१३,९७७.४२ |
| १५००० | विविधप्राप्ति | | ३,३५०.०० | ० | ३,३५०.०० | ० |
| क | **कुलजम्मा प्राप्ति** | | ३२,८७,९९,३०८.९३ | | ३२,८७,९९,३०८.९३ | ३६,२२,९३,३३४.३० |
| ३ | चालु | | २३,८८,६६८४३.२८ | ० | २३,८८,६६,८४३.२८ | २३,६९,४३,६४७.०४ |
| २१००० | पारिश्रमिक / सुविधा | | १६,५४,४६,२८०.९८ | ० | १६,५४,४६,२८०.९८ | १७,०१,१८,४८५.०२ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | | ६,७१,८७,०२३.३० | ० | ६,७१,८७,०२३.३० | ६,०९,८१,१०२.०२ |
| २५००० | सहायता (Subsidy) | | ० | ० | ० | ५,३१,०००.०० |
| २७००० | सामाजिकसुरक्षा | | ४४,३४,०४२.०० | ० | ४४,३४,०४२.०० | ३९,३३,१३८.०० |
| २८००० | अन्यखर्च | | १७,९९,४९७.०० | ० | १७,९९,४९७.०० | १३,७९,९२२.०० |
| ४ | पूंजीगत | | १०,७१,२९,१५५.७२ | ० | १०,७१,२९,१५५.७२ | १२,४८,५१,४११.०० |
| ३१११० | भवनतथा संरचना | | ४८,५१२.०० | ० | ४८,५१२.०० | ८२,७५,७५७.०० |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ७५,६८,५९५.०० | ० | ७५,६८,५९५.०० | ७१,१६,५२४.०० |
| ३११३० | अन्यपूँजीगत खर्च | | ४,५४,२६०.०० | ० | ४,५४,२६०.०० | ४३,६८,७९३.०० |
| ३११५० | सार्वजनिकनिर्माण | | ९,९०,५७,७८८.७२ | ० | ९,९०,५७,७८८.७२ | १०,५०,९०,३३७.०० |
| ख) | **कुलजम्मा भुक्तानी** | | ३४,५९,९५,९९९.०० | | ३४,५९,९५,९९९.०० | ३६,१७,९५,०५८.०४ |
| ग) | **बचत /कमी (ग = क-ख )** | | (१,७१,९६,६९०.५७) | | (१,७१,९६,६९०.५७) | ४,९८,२७६.२६ |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट** (+/-) | | १,१०,३४,४९६.०० | | १,१०,३४,४९६.०० | (२३,४४,०२४.९९) |
| घ.१) | **कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी** | | २,७२,३३९.०० | | २,७२,३३९.०० | (१,७५,३७९.००) |
| ङ) | **यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | | (६१,६२,१९४.५७) | | (६१,६२,१९४.५७) | (१८,४५,७४८.७३) |
| च) | **गतआ.व.को नगद तथा** | | ६,१४,९९,८२७.६३ | | ६,१४,९९,८२७.६३ | ६,३३,४५,५७६.३६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **बैंक मौज्दात** | | | | | |
| छ) | **विनिमयनाफा/घाटा तथा अन्य समायोजन** | | | | | |
| ज) | **आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | | ५,५३,३७,६३३.०६ | | ५,५३,३७,६३३.०६ | ६,१४,९९,८२७.६३ |

संघिय सरकार र प्रदेश सरकार तर्फको **C-GAS** मार्फत आम्दानी र खर्चको आय व्यय विवरण निम्नानुसार रहेको छ ।

| सि.नं | आयतर्फ | | सि.नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | सामाजिक विकास कार्यक्रम | ३४०९६१ | १ | सामाजिक विकास कार्यक्रम | ३४०९६१ |
| २ | सामाजिक सुरक्षा तथा संरक्षण | ७३२००४८४ | २ | सामाजिक सुरक्षा तथा संरक्षण | ७३२००४८४ |
| ३ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ५१५००० | ३ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ५१५००० |
| ४ | एकिकृत स्वास्थ्य पूर्वाधार | ३७५४२७४८ | ४ | एकिकृत स्वास्थ्य पूर्वाधार | ३७५४२७४८ |
| | जम्मा | १११५९९१९३ | | जम्मा | १११५९९१९३ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### ३ योजना तथा वजेट कार्यान्वयन

योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन :

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.१० करोड ७१ लाखको २९ खरिद गुरुयोजना बेगर खरिद कार्य गरेको छ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन, २०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु.१ करोड ७८ लाख ६२ हजार विभिन्न शिर्षकमा रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ४.२ प्रतिशत हुन्छ । आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन। साथै रकमान्तर गरेको रकम मध्ये स्मार्ट कृषि योजनाको २ लाख खर्च गरेको छैन।

उल्लेखित अवस्थाका कारण गाउँपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन। तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ।

### ४ कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । साथै नेपाल सरकार सचिव स्तरको २०८०।९।१७ को निर्णय अनुसार अनिवार्य रुपमा यस्तो कोषको स्थापना गर्ने र कानुन वमोजिम पाउने उपदान, निवृत्तिभरण, औषधिउपचार लगायतका सम्पुर्ण सुविधा यसै कोष बाट खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकामा २ जना स्थानीय सेवाका कर्मचारीहरु कार्यरत भएका र उक्त कर्मचारीहरुकालागि यस वर्ष रु.१५ लाख ९४ हजार खर्च लेखे पनि दश प्रतिशतले हुन आउने रु.१ लाख ५९ हजार कट्टा गरी सोही वमोजिम पालिकाले समेत अवकास कोषमा रकम जम्मा गर्नुपर्नेमा जम्मा गरेको छैन। कानुनी व्यवस्था अनुसार रकम कट्टी तथा थप गरी कल्याण कोषको स्थापना हुनुपर्ने देखिन्छ।

५ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ।तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन।तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

६ **गत विगतको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु.१ करोड ५४ लाख भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

७ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.४ लाख ४६ हजार आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

८ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन २०४९ को दफा ५क बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण तथा अनुगमन वापत रु.१३ लाख ८१ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश भएपछी भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाम मात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

### ९ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ । पुर्वाधार विकास तथा आर्थिक विकासमा स्रोत वढाउनुपर्ने देखिन्छ ।

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,०१,२३,०००.०० | १६३०४०७० | ४.७१ |
| २ | सामाजिक विकास | २२,९०,६२,०००.०० | २०१३३६१२९ | ५८.१९ |
| ३ | पूर्वाधार विकास | ८,८९,९७,०००.०० | ६१९०३३३२ | १७.८९ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ८२,५०,०००.०० | ६१९८०६४ | १.७९ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८,६९,१६,८४५.०० | ६०२५४४०४ | १७.४१ |
| कुल जम्मा | | ४३,३३,४८,८४५.०० | ३४,५९,९५,९९९.०० | १००.०० |

### १० वार्षिक लक्ष्य तथा प्रगति

स्वीकृत वार्षिक कार्यक्रममा त्रैमासिक रुपमा तोकिएको लक्षित कार्यक्रम समयमै सम्पन्न गर्नुपर्दछ। पालिकाले यस बर्ष पुँजिगत तर्फरु.१२ करोड १४ लाख वजेट व्यवस्था भएकोमा भएको रु.१० करोड ७१ लाख (वजेटको तुलनामा ६९.८६ प्रतिशत) खर्च भएको छ। लक्ष्य अनुसार प्रगति हासिल गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| व्यय | | | | |
|---|---|---|---|---|
| शीर्षक | बार्षिकबजेट | खर्च | खर्च(%) | मौज्दात |
| पूंजीगत | १५,३३,४२,०००.०० | १०,७१,२९,१५५.७२ | ६९.८६ | ४,६२,१२,८४४.२८ |
| ३११११ आवासीय भवन निर्माण/खरिद | २२,००,०००.०० | ४८,५१२.०० | २.२१ | २१,५१,४८८.०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | १०,००,०००.०० | ० | ० | १०,००,०००.०० |
| ३११२२ मेशिनरी तथा औजार | ७२,००,०००.०० | ५५,८९,०००.०० | ७७.६३ | १६,११,०००.०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | २०,००,०००.०० | १९,७९,५९५.०० | ९८.९८ | २०,४०५.०० |
| ३११३५ पूँजीगत परामर्श खर्च | २०,००,०००.०० | ४,५४,२६०.०० | २२.७१ | १५,४५,७४०.०० |
| ३११५१ सडक तथा पूल निर्माण | ५,४९,३२,०००.०० | ४,१९,०७,५१७.१३ | ७६.२९ | १,३०,२४,४८२.८७ |
| ३११५३ विद्युत संरचना निर्माण | १,५०,०००.०० | १,५०,०००.०० | १०० | ० |
| ३११५५ सिंचाई संरचना निर्माण | १५,५५,०००.०० | १५,०५,१७५.०० | ९६.८ | ४९,८२५.०० |
| ३११५६ खानेपानी संरचना निर्माण | १,३०,४०,०००.०० | ९२,७५,७३६.७६ | ७१.१३ | ३७,६४,२६३.२४ |
| ३११५८ सरसफाई संरचना निर्माण | ६,१०,०००.०० | ५,८३,१६५.०० | ९५.६ | २६,८३५.०० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ६,८६,५५,०००.०० | ४,५६,३६,१९४.८३ | ६६.४७ | २,३०,१८,८०५.१७ |
| जम्मा | १५,३३,४२,०००.०० | १०,७१,२९,१५५.७२ | ६९.८६ | ४,६२,१२,८४४.२८ |

## ११ त्रैमासिक खर्चः

कार्यालयको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा कार्यालयले कुल खर्चको तुलनामा प्रथम र दोस्रो त्रैमासिकमा क्रमस: शुन्य र २.१४ प्रतिशत, तेस्रो त्रैमासिकमा २१.५५ तथा चौथो त्रैमासिकमा ७६.३० प्रतिशत खर्च गरेको देखिन्छ । कुल खर्चको तुलनामा आषाढ महिनामा मात्र ५०.४९ प्रतिशत खर्च गरेको छ। शिर्षकगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ।

| क्र.स | बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च (रकम रु. हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| १ | पूँजिगत खर्चतर्फ | १०७१२९ | ० | २२९३ | २३०८८ | ८१७४७ | ५४०९४ |
| २ | प्रतिशत | | ० | २.१४ | २१.५५ | ७६.३ | ५०.४९ |

वार्षिक कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा७६.३ प्रतिशत तथा आषाढ महिनामा ५०.४७ प्रतिशत खर्च भएको देखियो। यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले वार्षिक कार्यक्रम त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

## १२ यन्त्र उपकरण सञ्चालन

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ। पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ। यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ।

| क्र.सं. | सामानको विवरण | इन्धन लागत | जनशक्ति लागत | मर्मत लागत | आय | खर्च | वचत |
|---|---|---|---|---|---|---|---|
| १. | जे.सि.वि | २३७४६८२ | ४८१०४४ | २३४५७४ | ४१२५०१३ | ३०९०३०० | १०३४७१३ |

१३ **कानुन निर्माण तथा कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ऐन, नियमावली तथा कार्यबिधि समेत ७४ कानून स्वीकृत भए पनि सोको प्रभावकारी कार्यान्वियन भएको देखिदैन ।

१४ **सेवाप्रवाहको स्थिति**

यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| **विवरण** | **जम्मा** |
|---|---|
| नागरिकता सिफारिस | |
| नाता प्रमाणित | |
| व्यक्तिगत घटना दर्ता | ६१६ |
| अन्य सिफारिस | |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा प्रवाहको अभिलेख राखेको देखिएन ।

१५ **योजनाको प्राथमिकीरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार वडागत र पालिकास्तरका कुल १७८ योजनामा वजेट विनियोजन गरेको छ।

| **क्र. सं.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रु.२० लाख माथिका योजना सङ्ख्या** | **रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या** | **रु.५लाख भन्दा कमका योजना सङ्ख्या** |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १७८ | २३ | २६ | १२९ |

उपर्युक्त विवरण अनुसार ५ लाख मूनीका १७८ मध्ये एक लाख सम्मका ७५ योजना रहेका छन। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १७२ योजनामात्र कार्यान्वियन भई ६ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

१६ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म विभिन्न पदका २४ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार २० पदहरु रिक्त छन । रिक्त

मध्ये १ वडा सचिव रहेका छन। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१७ **दायित्व भुक्तानी**

पालिकाले सबै दायित्व वर्षान्तमा फरफारक गर्नुपर्दछ । पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा गरिएका विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर लगायतको रकम दाखिला गर्न बाँकी रु.२ लाख ७२ हजार ३३९ देखाएको छ। यकिन भई सकेको दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन। अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७२,३३९ |

१८ **अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नु पर्ने व्यवस्था छ। यस पालिकाले यो विभिन्न योजनाको नाममा वर्ष रु.१० लाख अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजनामा खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णय बाट खर्च गर्ने गरेको देखिन्छ। कानूनी आधारबेगर लेखेको यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

१९ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। विविध खर्चतर्फ पालिकाले रू. १५ लाख ५१ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

२० **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।३।१० मा रु.४२ करोड ४७ लाख ३३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२९ पारित भएको छ। यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८०।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमै बजेट पारित गरी अख्तियारी प्रदान दिनुपर्दछ ।

२१ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ २२ कर्मचारीको रु.१ करोड ३६ लाख ४४ हजार, पालिकाका चालुतर्फ २५ कर्मचारीको रु.१ करोड ४० लाख ९३ हजार गरी रु.२ करोड ७७ लाख ३७ हजार खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२२ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले सम्पूर्ण आर्थिक कारोवारको लेखा राख्दा सुत्रको गर्नुपर्दछ। सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.७ करोड ३२ लाख, सामाजिक विकास कार्यक्रममा ३ लाख ४० हजार, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.३ करोड ७५ लाख ४२ हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.५ लाख १५ हजार समेत गरी रु.११ करोड १५ लाख ९९ हजार सुत्रमा लेखा राखेको छैन। जसले गर्दा सुत्र प्रणालीबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

२३ **खर्च वृद्धि**

तपसिलका चालु प्रकृतिका काम खर्च शिर्षकहरुमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा खर्च रकम वृद्धि भएको देखिन्छ । कार्यालयले खर्च वृद्धि भएको कारण उल्लेख गरेको छैन । यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउनु पर्दछ ।

(रु.हजारमा)

| सि.नं. | खर्च शिर्षक | २०७९।८० को खर्च | २०८०।८१ को खर्च | वृद्धिको कारण |
|---|---|---|---|---|
| १ | करारका कर्मचारीको खर्च | २३१२ | ४१०४ | |
| २ | वैंठक भत्ता | १४८३ | १६१२ | |
| ३ | जलपान | १६८८ | १५५१ | |
| ४ | इन्धन | १२०० | १२६२ | |
| ५ | मसलन्द | २४७३ | २४८६ | |
| | जम्मा | ९३५६ | ११०१५ | |

२४ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। जिन्सी निक्षण प्रतिवेदनमा मर्मत तथा लिलामी गर्नुपर्ने उल्लेखित भएको जिन्सी सामानको नियमावलीको व्यवस्था अनुसार मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२५ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ७ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२६ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। न्यायीक समितिमा गतवर्षको वाँकी नरहेको यस वर्षको १६ मध्ये १२ फस्र्यौट भई ४ वाँकी रहेको छ । न्याय सम्पादन प्रक्रियालाई प्रभावकारी वनाउनुपर्दछ ।

२७ **सामुदायिक वनको आय**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । सो अनुसार वन पैदावारको विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत पालिकाको संचित कोषमा जम्मा भएको छैन । अत: बन कार्यालयसंग समन्वय गरी आफ्नो क्षेत्रभित्रको सामुदायिक वनको वन पैदावार विक्री वापतको रकम कानून बमोजिम प्राप्त गर्नु पर्दछ ।

२८ **राजश्व असूली**

यस कार्यालयले पछिल्लो दुई आर्थिक वर्षमा असूल गरेको राजश्वको स्थितिनिम्न अनुसार रहेको छः गत वर्ष भन्दा यस वर्ष राजश्व घटेको देखिन्छ । राजश्व उठ्ने क्षेत्रहरु पहिचान गरी राजश्व वृद्धि गरी आन्तरिक श्रोतको परिचालनमा वृद्धि गर्नुपर्दछ ।

| | | | आम्दानी रकम | |
|---|---|---|---|---|
| **क्र.सं.** | **संकेत** | **राजस्वशीर्षक** | **२०८०।८१** | **२०७९।८०** |
| १ | ११३१३ | सम्पती कर | ६,२०,९२२.३१ | ४०,२५०.०० |
| २ | ११३१४ | भुमिकर/मालपोत | ८,०२,१६३.५९ | १३,२१,०२९.०० |
| ३ | ११३१७ | वहालकर | ५,९५,३८३.८० | ५,०९,९६१.५० |
| ४ | ११६३१ | कृषितथापशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | २२,९५०.०० | ० |
| ५ | ११६९१ | अन्यकर | ६,४४,६६८.०७ | ११,९५,०२३.१३ |
| ६ | १४२११ | कृषिउत्पादनको बिक्रीबाट प्राप्त रकम | ७०. | ० |
| ७ | १४२१९ | अन्यसेवा शुल्क तथा बिक्री | ३००. | ० |
| ८ | १४२२१ | न्यायिकदस्तूर | १,२००.०० | ० |
| ९ | १४२२४ | परीक्षाशुल्क | २२,२५०.०० | ० |
| १० | १४२२९ | अन्यप्रशासनिक सेवा शुल्क | २७,०१५.०० | ० |
| ११ | १४२४३ | सिफारिशदस्तुर | ८,९९,४७३.२८ | १५,२८,९०१.०० |
| १२ | १४२४४ | व्यक्तिगतघटना दर्ता दस्तुर | ३,०६,८००.०० | ० |
| १३ | १४२४५ | नाताप्रमाणित दस्तुर | ३,३००.०० | ० |
| १४ | १४२४९ | अन्यदस्तुर | १,३२,९९५.०० | ० |
| १५ | १४२५३ | व्यावसायरजिष्ट्रेशन दस्तुर | ५००. | ० |
| १६ | १४२६३ | जलस्रोतसम्बन्धी अन्य दस्तुर | ६५. | ० |
| १७ | १४३१२ | प्रशासनिकदण्ड, जरिवाना र जफत | १,०००.०० | १,७५०.०० |
| १८ | १४५२९ | अन्यराजस्व | १४,३७५.०० | ० |
| १९ | १४६११ | व्यवसायकर | ६,७८,४५५.०० | ६,१२,१५०.०० |
| २० | १५१११ | बेरूजू | ३,३५०.०० | ० |
| २१ | ३२१२२ | बैंकमौज्दात | ४,०८,४००.५० | ० |
| जम्मा | | | ५१,८५,६३६.५५ | ५,२०९,०६४.६३ |

गत वर्षको तुलनामा यस वर्ष भूमिकर ३९.२ प्रतिशत आय कर ४६.१० प्रतिशत, सिफारिस दस्तुर ४१.१६ प्रतिशत घटेको छ भने समग्रमा ०.४६ प्रतिशत आन्तरिक आय घटेको छ । आन्तरिक आयको स्रोत पहिचान तथा कट्टी गरी सोको परिचालनमा सुधार ल्याउनु पर्दछ ।

२९ **मूल्य अभिवृद्धि कर**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६,८७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१०,६२१**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२६,०२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१३,०३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३४,४७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३० **करार कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ। तर पालिकाले विभिन्न पदमा २३ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु.१ करोड ११ लाख १८ हजार खर्च लेखेको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लेखित पद वाहेक अमिन, ईन्जीनियर, असिस्टेन्ट सव इन्जिनियर, सव इन्जिनियर, समेत ४ जना करार कर्मचारीको बिगत बर्षदेखि म्याद थप गरी यस बर्ष तलब भत्ता बापत रु.१८ लाख ९८ हजार ६६३ भुक्तानी गरेको छ। रिक्त पदहरुमा पूर्तिका लागि लोक सेवा आयोगमा माग पठाएकोमा पूर्ति नभएकोले करारमा नियुक्त गरेको उल्लेख गरेको छ । सो मध्ये दरबन्दी बाहेकको एक जना कर्मचारी करारमा भर्ना गर्न नमिल्ने पदमा भर्ना गरी निजको तलब भत्तामा रु३ लाख २१ हजार खर्च गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,२१,००० |

३१ **पारिश्रमिक कर**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१८,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **८,६४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५,१२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३२ **स्थानीय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बीनी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धी कानूनमा संशोधन र एकीकरण गर्न वनेको ऐन,२०७६ जारी गरेकोछ। उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.५७ लाख २ हजार सुविधा वापत भुक्तानी भएको छ । उक्त सुविधा पालिकाको यस वर्षको आन्तरिक आय रु५१ लाख ८५ हजारको १०९.९५ प्रतशत रहेको छ ।

| क्र सं. | सेवा सुविधा | अध्यक्ष | उपाध्यक्ष | वडाध्यक्ष ५ जना | कार्यपालिका स. ६ | सभा सदस्य. १४ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| 1 | यातायात खर्च | ० | १४४००० | ६००००० | ४३२००० | ५०४००० | १६८०००० |
| 2 | पुस्तक,पत्रीका, ईन्टरनेट | ४८००० | ४८००० | १८०००० | २१६००० | ३३६००० | ८२८००० |
| 3 | टेलिफोन,मोबाइल | ४२००० | ३६००० | १८०००० | २१६००० | ४२०००० | ८९४००० |
| 4 | अतिथिसत्कार | ७२००० | ६०००० | २४०००० | ० | ० | ३७२००० |
| 5 | समन्वय /जनसम्पर्क | १२०००० | ९६००० | ३६०००० | ३६०००० | ५०४००० | १४४०००० |
| 6 | खानेपानी | ६०००० | ६०००० | ० | ० | ० | १२०००० |
| 7 | मर्मत संभार | ६०००० | ६०००० | ० | ० | ० | १२०००० |
| 8 | चाडपर्व खर्च | १५००० | १५००० | ६०००० | ६०००० | ९८००० | २४८००० |
| | जम्मा | ४१७००० | ५१९००० | १६२०००० | १२८४००० | १८६२००० | ५७०२००० |

३३ **विज्ञापन**

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,१८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३४ **सक्कल बिल**

४३२।०८१।१।३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५ र १०) मा सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ। पालिका स्थित ६ वटा विद्यालयहरुमा २०८०।११।१३ देखि १८ सम्म एक दिवशिय शैक्षिक उत्प्रेरणात्मक कक्षाहरु संचालन वापत आर सी प्रिन्टर्सलाई रु.४२०००। खर्च लेखेकोमा फोटोकपी बिलको आधारमा भुक्तानी दिएको पाइयो । साथै उक्त कार्यक्रम संचालन भएको विद्यालयको सिफारिस सहितको विद्यार्थी उपस्थिति समेत देखिने प्रमाण कागजात संलग्न गरेको नपाइएकोले सक्कल बिल भरपाई साथ विद्यालयको सिफारिस सहितको विद्यार्थी उपस्थिति देखिने प्रमाण कागजात पेश हुनु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४२,००० |

३५ **गाडी भाडा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा सोलाई पुष्टि गर्ने प्रमाण संलग्न गर्नुपर्ने उल्लेख छ। पालिकाले यस वर्ष निम्नानुसार गाडी भाडामा लिई खर्च लेखेकोमा गाडी भाडामा लिनु पर्ने स्पष्ट प्रयोजन नखुलाइ भुक्तानी गर्ने गरेको पाइयो। स्पष्ट प्रयोजन खुलाई आवश्यकताका आधारमा मात्र यस्तो खर्च गर्नु पर्दछ ।

| भौ नं।मिति | रकम |
|---|---|
| १६१।०८०।९।२९ | ५७०००। |
| २२०।०८०।१०।२३ | १२८५००। |
| २२१।०८०।१०।२३ | १२६०००। |

### ३६ कार्यस्वीकार प्रतिवेदन

६८८।०८१।३।२२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्ने उल्लेख छ। पाइप, फिटिङ्ग लगायतका सामाग्री खरिद वापत कार्लोस हार्डवयर सेन्टरलाई रु.१,८१,३८७। खर्च लेखेको पाइयो । उक्त सामाग्री प्रयोग भएको प्राविधिक पुष्टाइ, फोटो सहितको अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,८१,३८७ |

### ३७ अनुदान

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च पुष्टि हुने प्रमाण संलग्न हुनुपर्ने व्यवस्था छ । जिल्ला अस्पताल लाई रु.२ लाख डाइलाइसिस सेवाका लागि मेसिनरी खरिदका लागि अनुदान दिएकोमा सो खरिद तथा उपयोगको प्रमाण पेश भएको देखिएन । मेसिनरी औजार खरिद गरी जडान गरेको तथा उपयोगको प्रमाण पेश हुनुपर्ने देखिन्छ ।

### ३८ छात्रबृत्ति बढी निकासा

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

### ३९ कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

### ४० स्यानिटरी प्याड

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ११४८ जना रहेका छन।

पालिकाले ८ हजार थान स्यानिटरी प्याड रु.७ लाख ८६ हजार ४०० (मु.अ.कर समेत) मा खरिद गरेको छ। पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाण मात्र खरिद गर्नुपर्दछ।

४१ **दिवाखाजा बढी निकासा**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६,३४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,७४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **८,२९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,३२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,७९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४२ **शिक्षकको तलव भत्ता अनुदान**

अन्तर सरकारी वित्त ब्यबस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने ब्यबस्था छ। कार्यक्रम कार्यान्वियन पुस्तिकमा स्थानीय तहले कार्यरत शिक्षकको तलवभत्ता निर्धारण गर्दा केन्द्रको चलानी नं. १८९ मिति २०७६।११।१२ को पत्र र केन्द्रको वेभसाइटमा प्रकाशित विवरण अनुसार यकिन भएको दरबन्दीलाई शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार दरवन्दी मिलान र व्यवस्थापन कार्य अध्यावधिक गरी दरवन्दी मिलानबाट कायम भएको दरबन्दी शिक्षक अनुदान कोटा राहत र प्रविधिकधार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरूका लागि विद्यालयबाट प्राप्त माग फाराम रुजु गरी अनुदान उपलब्ध गराउने व्यवस्था छ । स्थानीय तहले कार्यान्वयन पुस्तिकाले तोके अनुसार दरवन्दी मिलान र व्यवस्थापन गरेको शिक्षक कर्मचारीको नियमानुसार पाउने तलवमान हिसाव गर्दा तलव भत्ता नपुग भएमा अनुसूची १ बमोजिमको फाराम भरी २०७९ माघ मसान्तसम्म शिक्षा विकास तथा समन्वय इकाईमा पठाउने र शिक्षा विकास तथा समन्वय इकाईले जिल्लाका लागि स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटासँग भिडान गर्दा अप्रयाप्त हुने देखिएमा सिफारिस साथ २०७९ फाल्गुण महिनाको पहिलो हप्ताभित्र शिक्षा तथा मानव स्रोत विकाश केन्द्र पठाई निकाशा भए बमोजिम अनुदान दिनुपर्ने व्यवस्था कार्यान्वयन पुस्तिकाले गरेकोमा यस स्थानीय तहका लागि स्वीकृत दरवन्दी, शिक्षक अनुदान कोटा (राहत) र प्राविधिक धारतर्फका शिक्षक प्रशिक्षार्थीका लागि पालिका अन्तर्रगत २३ विद्यालयमा कुल ४ हजार १३७ विद्यार्थी रहेकामा पालिकाले शसर्त अनुदान तर्फ बजेट व्यवस्था भई अनुदान उपलव्ध गराएकोमा स्थानीयतहले शिक्षक दरवन्दी मिलान व्यवस्थापन र विद्यार्थी संख्याको अनुपातको दरवन्दी यकिन नगरी शसर्तका अतिरिक्त यसवर्ष पालिका अन्तरगतका विद्यालयहरुलाई पूराना निजी श्रोतबाट राखिएका शिक्षकसमेत ३९ शिक्षकका लागि रु.१ करोड ४ लाख ८९ हजार थप अनुदान उपलब्ध गराएको देखियो। स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय तहलाई विद्यालयको शिक्षकहरुको तलवभत्तामा खर्च गर्न मिल्ने कानुनी आधार नदेखिएकोले उक्त खर्च रु.१ करोड ४ लाख ८९ हजार नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,०४,८९,०९७ |

४३ **पाठयपुस्तक अनुदान बढी निकासा**

कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।०८१ को क्रियाकलाप न २.४.६.१ मा भएको ब्यवस्था अनुशार विद्यालयलाई पाठ्यपुस्तक ब्यवस्थापनको लागि कक्षा ११-१२ का लागि आर्थिक बर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि तेस्रो चौमासिकमा अनुदान

दिने र यसरी अनुदान दिदा पहिलोपटकमा बिद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाईमात्र अनुदान दिने।शैक्षिक सत्रमा भएको नया बिद्यार्थी भर्नाको विवरण,पाठ्यपुस्तक खरीद, वितरण गरेको आधारमा एकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने र सम्बन्धित विद्यार्थीलाई पुस्तक बुझाएको भरपाई पुस्तक खरिद बिल पालिकामा पेश गर्नुपर्ने ब्यवस्था रहेको छ। तर पालिका अन्तरगत संचालित २३ वटा विद्यालयहरुको फाईल परीक्षण गर्दा महेन्द् मा बि खलंगालाई पाठ्यपुस्तक खरिद का लागि निकासा दिएको रकम भन्दन बितरण भरपाई कम देखिएकाले बढी निकासा भएको रकम सम्बन्धित बिद्यालयबाट असुल गर्नुपर्ने रु.

| **विद्यालयको नाम** | जम्मानिकासा | भरपाईपेश | बढीनिकासा |
|---|---|---|---|
| महेन्द्र मा.वि.खलंगा | ५६४१७० | ५१०१६५ | ५४००५ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,९९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,०१८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५४,००५ |

४४ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ४ बर्थिङ सेन्टरमा गत वर्ष १११ थानको रु.९९ हजार ७१६ र यस वर्ष ११० थान को रु.९८ हजार ८१८ खरिद गरेकोमा गत वर्ष ९७ जना र यस वर्ष ११५ जना प्रसुति भएको अभिलेखबाट देखिन्छ । भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

४५ **औषधि खरिद**

४५.१ पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधीमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष वाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शिर्षकबाट औषधि र उपकरण खरिद गरी ३ फर्मलाई रु.३० लाख ८० हजार भुक्तानी दिएको छ। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

४५.२ पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। यसवर्ष पालिकाले २ बजेट उप शिर्षकबाट देहायका फर्मसँग औषधि खरिद गरेको देखिन्छ।

| भौ नं।मिति | आपूर्तिकर्ता | लागत अनुमान | सम्झौता रकम (भुक्तानी) | कैफियत |
|---|---|---|---|---|
| ५७२।०८१।३।६ | चुन चुन फर्मेसी | १७६९६०९। | ९८८०४२। | **Sealed quotation** |
| ६३९।०८१।३।१८ | माउण्ट अन्नपूर्ण फार्मेसी | | १००००००। | कोटेशन |

४५.३ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा चालु वा अघिल्ला वर्षहरुमा सोही खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र ढुवानी खर्च समेतलाई आधार लिनु पर्ने उल्लेख छ। पालिकाले लागत अनुमाग तयार गर्दा चालु वा अघिल्ला वर्षहरुमा सोही खरिद गर्दा लागेको वास्तविक लागतलाई समावेश गरेको पाइएन। जसले गर्दा लागत अनुमान वास्तविक देखिँदैन र लागत अनुमान र सम्झौता रकम बिच ठूलो अन्तर देखिएको छ । अत: कानूनले तोके अनुसार आधारहरु समेतलाई ध्यानमा राखी गुणस्तरीय सामान खरिद गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

४६ **उपभोक्ता समितिको काम**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अन्तर्गत कार्यालयले यस वर्ष सडक, सिचाइ, खानेपानी लगायतका काम उपभोक्ता समितिवाट गराइ भुक्तानी दिएको छ । यसको लेखापरीक्षणवाट निम्न व्यहोराहरु देखिएका छन् ।

४६.१ **कानूनी व्यवस्था**: सार्वजनिक खरिद वा निर्माण कार्य गर्न पूँजि, जनसक्ति, उपकरण र व्यवस्थापकीय ज्ञान चाहिन्छ । सामान्यतया उपभोक्ता समितिहरुमा यस्ता क्षमताको अभाव रहको अवस्थामा सार्वजनिक खरिद नियमावलीको एघारौं संसोधन(२०७८।१२।३) वाट साविकको उपभोक्ता समितिवाट गराउने कामको रु.१ करोडको सिमा वृद्धि गरी रु.५ करोड पुराएको देखिन्छ । यो कानूनी व्यवस्था सुधार गर्नु पर्दछ ।

४६.२ **हस्तान्तरण**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन । नियममा भएको व्यवस्था अनुसार मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्दछ ।

४६.३ **उपभोक्ताको कामको गुणस्तर व्यवस्थापन** –सार्वजनिक खरिद नियमावलीको नियम १११ को आधारमा गुणस्तर व्यवस्थापन गर्नुपर्नेमा सडक, सिचाइ, खानेपानी, भवन, निर्माण आदि उपभोक्ता मार्फत कार्य गराउँदा निर्माण सामाग्री परीक्षण गराएको पाइएन ।साथै यस निकायले गुणस्तर परीक्षण प्रयोगशाला र परीक्षण गर्ने जनशक्तिको व्यवस्था गरेको देखिएन । उपभोक्ताको कार्यको अन्य प्रयोगशालावाट परीक्षण गराउने अभ्यास भएको पनि देखिएन । यसमा सुधार गर्नु पर्दछ ।

४६.४ ( ✂ ….. कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१४३,७३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४७ **जिल्ला दररेट भन्दा वढी दर**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) वमोजिम सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा जिल्ला दररेटले तोकेको जिल्ला दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले आराध्या ईनर्जी सोलुसन प्रा.लि. वाट निम्नानुसारको पाईप तथा फिटिङ्स सोझै खरिद गरेकोमा निम्नानुसारको आईटममा जिल्ला दररेट भन्दा वढी दरमा खरिद गरेको पाईयो। जिल्ला दर भन्दा वढी दरमा खरिद गर्न नसकिनेमा वढी दरमा खरिद गरी वढी व्यभार पारेको रु.

| क्र.सं. | विवरण | खरिद परीमाण | स्वीकृत जिल्ला दर | भुक्तानी दर | वढी दर | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | HDP पाईप २०/१६ | ५३५० मी | ३९.६८ | ४३.७५ | ४.०७ | २१७७४ |
| २ | HDP पाईप ३२/१२.५ | ४०० | ८२.४६ | ९०.८० | ८.३४ | ३३३६ |
| ३ | व्रास फ्रिवल १५ एमएम | २१८ | १३०० | १४९२.५ | १९२.५ | ४१९६५ |
| | | | जम्मा | | | ६७०७५ |

| अनियमित भएको | ६७,०७५ |
|---|---|

४८ **पर्यटकिय मार्ग**

खलंङ्गा मल्लरानी डाडा पर्यटकिय मार्ग स्तरोन्नतिका लागि २०७८।७९ मा रु.३ करोड ५ लाख ६६ हजार लागत अनुमान स्वीकृत गरी वोलपत्र भएकोमा रु.१ करोड ८१ लाख ७१ हजार कबोल गर्ने महेश सत्यवती जे.भी.को बोलपत्र स्वीकृत गरी २०७८।२।१५ मा २०७८।१०।२९ भित्र कार्य सम्पन्न गर्ने गरी खरिद सम्झौता भएकोमा उक्त कार्य सम्पन्न भई रु.१ करोड ७६ लाख ८१ हजार भुक्तानी भएको छ । यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार रहेका छन:

४८.१ **ट्याक कोट-** सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औषत ०.४ देखि ०.६ सम्म हुने उल्लेख छ। यस निर्माणको कुल क्षेत्र ७७९८ वर्गमिटरको अधिकतम ०.६० ले ट्याक कोट ४६७८ लिटरमात्र लाग्नेमा प्रति व.मी १ लिटरका दरले ७७९८ लिटरको भुक्तानी भएकोले ३११९ लिटरको रु. १०५ ले हुन आउने ३२७५१६।० नम्स भन्दा वढी भुक्तानी भएको रु

| अनियमित भएको | ३,२७,५१६ |
|---|---|

४८.२ **प्रिमिक्स कार्पेट-** सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन (२०७५) समेत को प्रिमिक्स कार्पेटिङ २० एमएम सम्मको उचाई हुने गरी तोकेको छ। कार्यालयले यस निर्माण कार्यमा प्रिमिक्सको उचाई २५ एम एमले नापी गरी भुक्तानी दिएको छ । प्रिमिक्सको उचाईको नापी कोर कटर प्रतिवेदनमा ८ नमूना मध्ये ४ नमुना २३ एम एम भन्दा कम तथा वाँकी चार मध्ये क्रमस: ३९, ३५, २९.६६ र २५ एम एम रहेको छ यसरी ३९ एम एम सम्मको उचाई स्वीकृत नम्स तथा स्पेसिफिकेसन वमोजिम नरहेकोमा सोहीलाई आधारम मानी औषत २५ एम एमको नापी गरी भुक्तानी दिएकोले ३८.०४ घन मिटरको वढी भुक्तानी भएको छ। अत: उक्त आईटमको कवोल दर रु.१४ हजारले हुन आउने रु.५ लाख ३२ हजार ५६० स्पेशिफिकेशन भन्दा वढी हुनेगरी भुक्तानी गरी व्यभार परेको रु.

| अनियमित भएको | ५,३२,५६० |
|---|---|

४९ **प्रतिस्पर्धा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ र ३क वमोजिम निर्माण कार्यको प्रतिस्पर्धालाई संकुचित र सीमित नहुने गरी खरिद योजना वनाई निर्माण कार्य गर्नुपर्दछ। निर्माण कार्य गर्दा ठेक्कावाट गराएकोमा केही काम सुरु लागतमानै समावेस नगरी कोटेसन वाट गराएको देखिन्छ।यसरी कोटेसनवाट गराउँदा वोलपत्रवाट गराएको भन्दा निम्नानुसारका योजनामा रु.१३ लाख ५ हजार वढी लागत परेको छ। यस सम्वन्धि व्यहोरा देहायमा उल्लेख छ ।

| भौ.नं.मिति | कामको विवरण | निर्माण व्यवसायी | कार्यसम्पन्न | वोलपत्रमा घटेको प्रतिशत | कोटेशनमा परेको वढी लागत |
|---|---|---|---|---|---|
| १२३।८१।३।२१ | प्रशासनिक भवनको निर्माणस्थल तयारी | विजु निर्माण सेवा | ८१८९३८ | ३२.३१ | २६४५९८.९ |
| १४८।८१।३।१७ | ऐऐ | विजु निर्माण सेवा | ८१८९३८ | ३२.३१ | २६४५९८.९ |
| २१५।८१।३।२४ | सरस्वती आवि लगाएतको भवन निर्माण सुधार | प्रिन्स कन्ट्रक्सन | ९५४९५० | २८.४९ | २७२०६५.३ |
| १९५।८१।३।२३ | मल्लरानी लिफ्ट खा पा | माडी झिमरुक कन्ट्रक्सन | ८८१२७६ | २१.३८ | १८८४१६.८ |
| ९९।८१।२।३१ | थापाडाडा भन्ज्याङ्ग सडक | पुर्णीमा कन्ट्रक्सन | ८६२६११ | ३६.५८ | ३१५५४३.१ |
| | | जम्मा | ४३३६७१३ | | १३०५२२३ |

यसरी सुरु लागत अनुमानमानै उक्त परिमाण थप गरि वोलपत्र द्धारा कार्य गर्नुपर्नेमा खरिद योजनमा समावेश नगरि प्रतिस्पर्धालाई संकुचित र सीमित हुने गरी निर्माण कार्य गर्दा वढी लागत पर्नगरी निर्माण कार्य गराएको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १३,०५,२२३ |

५० **परामर्श सेवा खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२, परिच्छेद-६, नियम ८४ र नियम ८५ अनुसार वोलपत्र, सिलवन्दी दरभाउपत्र र सोझै परामर्श सेवा खरिद गर्ने व्यवस्था छ । पालिकाले यस वर्ष भौ नं ६६८।०८१।३।२० बाट भावी इन्जिनियरिङ्ग सोलुसन्सलाई कृषि तथा पशुपन्छीको सम्भाव्यता अध्ययन तथा योजना निर्माण कार्य तयार गर्न रु.९,८६,६९३। खर्च लेखेको पाइयो । उक्त फाँटवारी परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छन ।

५०.१ **हाजिरी:** उक्त परामर्श सेवा प्रदान गर्न निम्नानुसार परामर्शदाताहरुले कार्य गर्ने उल्लेख भएको पाइएकोले निजहरुको प्रमाणित हाजिर विवरण पेश हुनुपर्ने देखिन्छ ।

| S.N. | Professional staffs | Days | Amount |
|---|---|---|---|
| 1 | Team leaderKiran Bamanu | 30 | १२८८२०। |
| 2 | Agriculture expert Ram Bahadur Thapa | 21 | ११८६५०। |
| | जम्मा | | २४७४७०। |

५०.२ ( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६८२,७२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५१ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिष्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्न नहुने र दफा ९ मा सम्भव भएसम्म खरिद प्रकृयामा सवैलाई सहभागी हुन समान अवसर प्रदान गर्न वोलपत्र आव्हन गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) मा रु. १० लाखसम्म लागत अनुमान भएको मालसामान, परामर्श सेवा र निर्माण कार्य सोझै

खरिद गर्नु परेमा एकै आर्थिक वर्षमा एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थावाट सो सीमा भन्दा वढी सोझै खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले ऐनको उल्लेखित व्यवस्था उपर ध्यान दिई शिलवन्दी दरभाउपत्र र वोलपत्रको माध्यमवाट खरिद गर्नु पर्नेमा सोझै खरिद विधि अपनाई खरिद गर्ने गरेकोले खरिद कार्य स्वच्छ, मितव्ययी र नियमसंगत छ भनी विश्वस्त हुन सकिएन। निम्नानुसार एउटै किसिमको खरिद पटक पटक खरिद गरेको देखियो। सोझै खरिद कार्यमा नियन्त्रण गरी प्रतिस्पर्धी, मितव्ययी र पारदर्शी रुपमा गर्न तर्फ ध्यान दिनुपर्दछ। सोझै खरिद गरेको उदारण निम्न छन।

| क्र सं. | भौचर नं र मिति | विवरण | आपर्तिकर्ता/निर्माणव्यवसायी | भुक्तानी रकम |
|---|---|---|---|---|
| | संघीय शसर्त | | | |
| १ | २६।८१।३।२३ | पुलका ९ प्रकारका पार्टस खरिद | पदमा कन्ट्रक्सन | ८९९८३२ |
| २ | २७।८१।३।२३ | ऐऐ ६ प्रकारका पार्टसहरु | ग्यालेक्सी ईन्जीनियरिङ | ७२६६७४ |
| ३ | १९।८०।११।२० | फर्निचर र फर्निसिङ | राज डेकोरर र डिला अर्डर | २३३३०० |
| ४ | १५८।८०।।३।१८ | फर्निचर र फर्निसिङ | हाम्रो अर्डर सप्लायर्स | ७५३९९३ |
| ५ | १५३।८१।३।१८ | फर्निचर र फर्निसिङ | राज डेकोरर | ९५४३५२ |
| | जम्मा | | | ३५६८१५१ |

पालिकाले उल्लेखित अनुसारक्रम संख्या १ र २ को कात्रोखोला, सूर्यखोला,सिमखोला झोलुङ्गे पुलको खरिद भएको स्टिल पार्टस टुक्रा पारि खरिद गरेकोले खरिद नियमावली विपरित खरिद भएको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १६,२६,५०६ |

५२ **मल्लरानी पर्यटकीय क्षेत्र निर्माण**

खलंङ्गा मल्लरानी डाडा पर्यटकिय क्षेत्र निर्माणका लागि २०७८।७९ मा रु.४ करोड ९९ लाख ८७ हजार लागत अनुमान स्वीकृत गरी वोलपत्र भएकोमा रु.४ करोड १० लाख ३१ हजार कबोल गर्ने बगलामुखि मल्लरानी ईशान जे.भी.को बोलपत्र स्वीकृत गरी २०७८।२।१५ मा २०८०।११।३० भित्र कार्य सम्पन्न गर्ने गरी खरिद सम्झौता भएकोमा उक्त कार्य ४७.७९ प्रतिशत कार्य भई रु.२ करोड ३ लाख ५८ हजार भुक्तानी भएको छ । संघीय सरकारको बजेटबाट संचालित योजना भएकोले यो वर्ष बजेट प्राप्त नभएकोले योजना संचालन हुन नसकेको २०८१।८२ मा बजेट प्राप्त भएको छ । यो वर्ष निर्माण सम्पन्न गर्ने कार्यालयको भनाई रहेको छ । यस सम्वन्धमा देखिएका वाँकी व्यहोरा देहायअनुसार रहेका छन:

**पुर्वनिर्धारित क्षतिपुर्ति**: सार्वजनिक खरिद नियमावली २०६४,को नियम १२१ तथा खरिद सम्झौताको सर्त वमोजिम सम्झौतामा तोकेको अवधिमा कार्य सम्पन्न हुन नसकेमा सम्झौता रकमको प्रति दिन ०.०५ प्रतिशतका दरले अधिक्तम १० प्रतिशत रकम पुर्वनिर्धारित क्षतिपुर्ति दिनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले सम्झौता वमोजिमको कार्यतालिका वमोजिम २०८०।११।३० भित्र निर्माण कार्यसम्पन्न नगरेको, लामो समय सम्म निर्माणकार्य रोकेको, काम सन्तोजनक नभएको तथा निर्माणस्थलमा लामो समय सम्म अनुपस्थित रहेको, म्याद थप नभएकोले पुर्वनिर्धारीत क्षतिपुर्ति लिई निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ ।

५३ **अस्पताल भवन निर्माण**

१५ वेडको अस्पताल निर्माणका लागि २०७७।७८ मा रु.१५ करोड ७१ लाख ३४ हजार लागत अनुमान स्वीकृत गरी वोलपत्र भएकोमा रु.१५ करोड ५८ लाख २६ हजार कवोल गर्ने महादेव खिम्ती पि.पि लेकाली जे.भी. संग २०७८।५।३१ मा २०८१ आषाढ

मसान्त भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा कार्यसम्पन्न भई सक्नुपर्ने अवधिमा संरचनाको कार्य मध्ये कंक्रिटको कार्य भएको, वाल लगाएतका बाँकी कार्यहरु सम्पन्न हुन बाँकी रहेको देखिन्छ । निर्माण कार्यको हाल सम्म रु.५ करोड ९७ लाख ४० हजार भूक्तानी भएको छ ।यस सम्वन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छन:

५३.१ **म्याद थप**: सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ मा खरिद सम्झौतामा उल्लेख भए अनुसार खरिद सम्झौताको म्याद थप गर्ने उल्लेख छ । निर्माण व्यवसायी संग भएको खरिद सम्झौतामा भेरियसन आदेश र असामान्य अवस्थाको आधारमा मात्र म्याद थप गर्न सकिने व्यवस्था छ ।समय नियन्त्रणको लागि खरिद सम्झौतामा व्यवस्था भएको कार्यतालिका अद्यावधिक गर्ने, म्याद थप गर्नुपर्ने घटनाको पुर्व जानकारी दिने तथा त्यस्ता घटनाका आधारमा म्याद थप गर्ने तथा म्याद समाप्त हुनुभन्दा २१ दिन अघि म्याद थपको निबेदन दिनुपर्ने प्रावधानको पालना भएको छैन । सम्झौता वमोजिम ३६ महिनामा २०८१ आषाढ मसान्तमा कार्य सम्पन्न गरी सक्नुपर्नेमा ३३ प्रतिशत मात्र कार्य भएको समयमानै सम्पन्न नभएकाले सेवाग्रहीले सेवा प्राप्त गर्ने नसकेको अवस्था रहेको छ । खरिद कानुन र खरिद सम्झौता अनुसार मात्र म्याद थप हुनुपर्दछ ।

५३.२ **कम पेश्की फर्स्यौट**: सार्वजनिक खरिद प्रदेश नियमावली, २०६४ को नियम ११३ को उपनियम ५ वमोजिम खरि सम्झौतामा उल्लेख भए वमोजिम पेश्की पर्स्योट गर्नुपर्ने व्यवस्था रहेको छ। निर्माण व्यवसायी संग गरेको खरिद समझौताको विशेष शर्तमा निर्माण कार्यको ३० प्रतिशत भुक्तानी भए पछि प्रत्येक रनिङ्ग विलको चालिस प्रतिशतका दरले पेश्की फर्स्यौट गर्नुपर्ने व्यवस्था रहेको छ। यस खरिद कार्यमा खरिद सम्झौता रकमको ३० प्रतिशत भन्दा वढी भुक्तानी भएकोमा सम्झौता वमोजिम पेश्की फर्स्यौट भएको छैन। निम्नानुसार विल भुक्तानी गर्दा पेश्की फर्स्यौट गरेको नदेखिएकोले उक्त रकममा ब्याज सहित असुल फर्स्यौट हुनुपर्ने रु.

| क्र.सं. | भौचर नं मिति | विल रकम | पेश्की फर्स्यौट हुनुपर्ने रकम | पेश्की फर्स्यौट भएको रकम | कम फर्स्यौट भएको रकम |
|---|---|---|---|---|---|
| १ | १८।२०८१।३।६ | ९३३५६१२<br>कुल विल रकम ५११६८५१४ | ३७३४२४४ | २८३५००० | ८९९२४४ |
| २ | २५।८१।३।२४ | ८५७१७१० <br>कुल विल रकम ५९७४०२२४ | ३४२८६८४ | ६७९५५९ | २७४९१२५ |
| जम्मा | | | | | ३६४८३६९ |

| असुल गर्नुपर्ने | ३६,४८,३६९ |
|---|---|

५४ **पेश्की बाँकी**

०३/३१/२०८१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ तथा खरिद सम्झौता वमोजिम पेश्की रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नुपर्दछ । माण्डवी जनमुखी कन्ट्रक्सनलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.७० हजार बाँकी रहेको देखिन्छ । सो म्याद नाघेको पेश्की फर्स्यौट गर्नुपर्ने रु

| पेश्की | ७०,००० |
|---|---|

५५ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाको वडामा ५ योजना सञ्चालन गरी यस वर्ष ९९ जनालाई औसत ७३ दिनले ७२८४ दिन रोजगारी उपलव्ध गराई रु.४८ लाख ६५ हजार ७१२ श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना

छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : मल्लरानी गाउँपालिका, प्युठान , मल्लरानी गाउँपालिका , प्यूठान

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | महेश के.सी. | २०७९-४-२९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | कमान सिंह के सी | २०७५-१२-२९ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| | | | | | |
|---|---|---|---|---|---|
| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
| ३,९१५,६१२ | १४,६६८,९७७ | १,७६९,४७३ | ० | ० | ७०,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २०,४२४,०६२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १,४८६,९८५ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १८,९३७,०७७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ६१४१९८२७ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २३६७६६५६४ | चालु खर्च | २३८८६६८४३ |
| प्रदेश सरकारबाट अनुदान | १९२०७१९६ | पूँजीगत खर्च | १०७१२९१५५ |
| राजश्व बाँडफाँट | ४७२३६८८९ | वित्तीय/अन्य व्यवस्था | १०६२७६८२४ |
| आन्तरिक आय | ३९७१५०९.० | | |
| अन्य आय | १३९००८४७० | | |
| कुल आय | ४४६१९०६२८ | कुल खर्च | ४५२२७२८२२ |
| बाँकी मौज्दात | | ५५३३७६३३ | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।

- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा पालिकाले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।

- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। साथै निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलब सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।

- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।

- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।

- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।

- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।

- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।

- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।

- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्र्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्र्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्र्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्र्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।

· गाउँपालिकामा निर्माणाधीन आधारभूत अस्पताल भवन समयमै निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउनुपर्दछ।